




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २२ ❑ अङ्क २५७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असोज १२ गते मंगलबार ❑ 28 Sept. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## ११ देशका राजदुतले गरे हाइकिङ

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ असोज**

विश्वपर्यटन दिवसको अवसरमा पोखरामा ११ देशका राजदुतहरुले हाइकिङ गरेका छन्।

गण्डकी प्रदेश सरकार, पोखरा पर्यटन परिषद, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश, ट्रेकिङ एजेन्सी एसोसिएसनअफ नेपाल (टान) पश्चिमाञ्चलको समन्वयमाभएको कास्कीकोट क्षेत्रमा भएको हाइकिङमा सहभागीहरुलाई स्थानीय, महिला समुह, क्लव, पर्यटन ब्यवसायी तथा जनप्रतिनिधिले स्वागत गरेका थिए। पोखरा क्षेत्रको पर्यटन प्रबर्द्धन गर्न आइतबार ११ वटा देशका राजदुत पोखरामा आएसंगै उनीहरुले सोमबार कास्कीकोटमा हाइकिङ, फेवातालमा वोटिङ, डेविडफल्स अवलोकन सहितका पोखराका पर्यटकीय गन्तव्यहरुको अवलोकन समेत गरेको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख काशिराम भण्डारीले बताए। साथै उक्त टोलीलाई आइतबार होटल बाराहीमा र सोमबार बुमह्याङ रेष्टुरेण्टमा रात्रिभोजमा सरिक




गराइएको थियो भने सोमबार बेलुका पोखराको लेकसाइडमा आयोजना भएको मिनि सडक महोत्सवमा सहभागी भएका थिए।

विगत दुई बर्षदेखि ठप्प भएको पोखरा क्षेत्रको पर्यटन विश्वपर्यटन दिवसको अवसरमा सुरु भएको उक्त अभियानले यस क्षेत्रको पर्यटन खुल्ला सहित सुरक्षित भएको आफुहरुलाई महशुस भएको पोखराका पर्यटन व्यवसायीहरुले बताएका छन् । पर्यटन दिवसमा पोखरामा आयोजित विभिन्न कार्यक्रमले पोखरा क्षेत्रको पर्यटन प्रबर्द्धनमा थप टेवा पुग्ने आफुहरुले विश्वास लिएको पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले बताए । अझै केही पर्यटन व्यवसायीहरुलाई सरकारले कोरोना बिरुद्धको खोप उपलब्ध गराएर आगन्तुक पाहुनालाई सहज ढंगले घुमघामको वातावरण सृजना गर्न उनले माग गरे।

गण्डकी प्रदेश सरकारको पहल तथा निजी क्षेत्रको सहकार्यमा ११ देशका राजदुतहरु पोखरामा आएका हुन् । कोभिड १९ ले थलिएको पोखरा क्षेत्रको पर्यटन क्षेत्र खुल्ला भएको सन्देस दिन पनि उक्त कार्यक्रम कोषेढुंगा सावित हुने भएको पोखराका पर्यटन व्यवसायीहरुको बुझाई रहेको छ। विश्वपर्यटन दिवसको अवसरमा पोखरामा जर्मनी, दुबई, दक्षिण कोरिया, उत्तर कोरिया, कतार, साउदी अरेबिया, थाइल्याण्ड, बंगलादेश, इजिप्ट, मलेसिया, फिल्याण्डका राजदूत पोखरा आएको गण्डकी प्रदेशको पर्यटन उद्योग बाणिज्य तथा आपुर्ति मन्त्री मणिभद्र शर्माका प्रेस संयोजक सुदिप ढुंगानाले बताए।

सोमबार पोखराको लेकसाइड क्षेत्रमा बेलुका मिनी स्ट्रिट फेस्टिभल सञ्चालन भएको कार्यक्रममा आन्तरिक पर्यटकहरुको साथमा ११ दशेका राजदूत, कुटनीतिक नियोगका उच्च पदस्थ प्रतिनिधिलगायतको सहभागिता रहेको रेवान पोखराका अध्यक्ष लक्ष्मण बरालले बताए । उक्त कार्यक्रमले आफुहरुमा थप जागरुक बनाएको उनले जनाए। कोरोनाले गर्दा प्रायः सुनसान भएको लेकसाइड क्षेत्र सोमबार पर्यटन दिवसको दिन सोमबार बेलुका देखि चहलपहल ह्वात्तै बढेको छ। दिनभर जसो मौसमले साथ दिएको भएपनि बेलुकापख करिब ७:०० बजे देखि सिमसिम पानी पर्दा आन्तरिक केही पर्यटक पानीमा भिज्दै महोत्सवमा सहभागि भएका थिए।

## नागरिकले अनुभूति गर्ने गरी सेवा प्रवाह गर्न मुख्यमन्त्रीको निर्देशन

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ असोज**

गण्डकी प्रदेशका मुख्यमन्त्री मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले नागरिकले अनुभूति गर्ने गरी सेवा प्रवाह गर्न स्थानीय तहका कर्मचारीलाई निर्देशन दिएका छन्।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले सोमबार पोखरामा गरेको स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन, सोको नतिजा र समीक्षा सम्बन्धी कार्यक्रममा उनले नागरिकले प्राप्त गर्ने अधिकांश सेवा स्थानीय तहसँग जोडिने भएकाले सोही अनुसार काम गर्न निर्देशन दिएका हुन्।

कार्यक्रममा ११ वटै जिल्लाका जिल्ला समन्वय अधिकारी र ८५ वटै पालिकाका प्रमुख प्रशासकीय अधिकृत तथा प्रतिनिधि सहभागी छन् । मुख्यमन्त्री पोखरेलले संघ र प्रदेशमा भन्दा स्थानीय तहको राजनीतिक संरचना अलग रहेको भन्दै सिधा नागरिकसँग जोडिने भएकाले स्थानीय तहलाई स्थायी प्रकृतिको बनाएको प्रष्ट्याए । उनले भने, 'अहिले संघ र प्रदेशमा राजनीतिक उथलपुथल भइरहेका बेला पनि स्थानीय तहका जनप्रतिनिधिमा त्यसको असर पर्दैन त्यहाँका प्रकृति नै स्थायी छ।'

स्थानीय सरकार संघीयताको जग हो भन्दै उनले कार्यपालिका,



व्यवस्थापिका र न्यायपालिकाको अधिकार सबै प्रयोग गरेर नागरिकलाई चुस्त रुपमा सेवा दिन संविधानले नै यो खालको परिकल्पना गरेको भनाइ राखे। सुशासन र विकास दिन सके मात्र नागरिकले सरकारको अनुभूति गर्ने भएकाले त्यसै अनुसार गर्न उनको निर्देशन थियो। उनले भने, 'प्रदेशले स्थानीय तहलाई अंकुश लगाउन खोजियो भनिएको छ, हामीले त्यसो गरेका छैनौं, समन्वय, सहअस्तित्व र सहकार्यका लागि सदा तत्पर छौं।'कर्मचारी स्थायी संयन्त्र भएकाले अझ जिम्मेवार भएर काम गर्न उनले आग्रह गरे।

कार्यक्रममा प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. रघुराज काफ्लेले प्रदेशको पहिलो आवधिक योजनामा हामी चलिरहे पनि कोभिडले उक्त योजनामा परिमार्जन र पुनर्परिभाषित गर्नु पर्ने अवस्था आएको बताए। आवधिक योजनाको समीक्षा प्रक्रिया सुरु भइसकेको भन्दै उनले मध्यावधि समीक्षामा बारेमा घनिभूत छलफल गरेर परिवर्तित परिस्थिति अनुसार अगाडि बढ्नु पर्ने भनाइ राखे।

दीगो विकास लक्ष्यलाई सार्थकतामा पुऱ्याउन जरुरी रहेको भन्दै यसको कार्यान्वयनका सन्दर्भमा स्थानीय तहमा केही अप्ठेरा देखिएको उनले बताए। डा. काफ्लेले भने, '२०३० सम्म मध्यम आय भएको मुलुकमा उकास्न अझै धेरै काम गर्नुपर्ने छ। राष्ट्रिय लक्ष्य प्राप्तिका लागि गण्डकीको बढी मेहनत आवश्यक छ।' यसमा स्थानीय तहले समेत लक्ष्य निधारण गरी सूचक बनाउने काम गर्न जरुरी रहेको भन्दै यसका लागि सघाउन नीति तथा योजना आयोग तयार रहेको उपाध्यक्ष डा. काफ्लेले बताए।

मुख्य न्यायाधिवक्ता रोहितराज बास्तोलाले कानुन निर्माण सहजीकरणमा प्रदेशले

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गण्डकी प्रदेशका सबै उच्च पहाडी क्षेत्रमा टिमुर खेती विस्तार गर्नुपर्नेमा मन्त्री थापाको जोड

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ असोज**

गण्डकी प्रदेशका वन, वातावरण तथा भू-संरक्षण मन्त्री दीपक थापाले यस प्रदेशका सबै उच्च पहाडी क्षेत्रमा व्यवसायिक टिम्मुर खेतीको विस्तार गर्नुपर्नेमा जोड दिनुभएको छ।

व्यवसायिक टिम्मुर खेतीले किसानलाई स्वरोजगार बनाउनुका साथै वैदेशिक मुद्रा आर्जनमा पछि सहयोग पुग्ने उहाँले विश्वास गर्नुभएको छ । स्याङ्जाको पञ्चमुलमा गरिएको व्यवसायिक टिमुर खेतीको अवलोकन पछि डिभिजनल वन कार्यालय र सव डिभिजन वन कार्यालयका अधिकारीहरुसँगको अन्तरक्रियामा उहाँले यस्तो योजनामा जोड दिनुभएको हो। 'हामीमा अझैसम्म पनि सानो सानो कृषि कर्मबाट मनग्ये आम्दानी हुन्छ भन्ने सोचको विकास हुन सकेको छैन।' अन्तरक्रियामा उहाँले भन्नुभयो, '



नागरिकहरु टिमुर खेतीलाई सानो कामको रुपमा लिन्छनु, तर यसको व्यवसायिक खेती र निकासीले अर्थतन्त्रको विकासमा योगदान दिईरहेको हुन्छ।' पछिल्लो समय गण्डकी प्रदेशका केही किसानमा व्यवसायिक टिम्मुर खेतीप्रति केही आकर्षण बढेको देखिएको भन्दै उहाँले ११ सय देखि २५ सय मिटर सम्म उचाई भएको सबै भुगोलमा यसको खेती गर्न सके राम्रो वैदेशिक मुद्रा आर्जन पनि हुने बताउनुभयो। यसलाई प्रशोधन गरेर तेल वा कच्चा पदार्थको रुपमा पनि विदेश निर्यात गर्न सकिने भएकोले दीगो आम्दानीको लागि उच्च पहाडी भागमा बसोबास गर्नेहरुका लागि यो वरदान सावित हुने बताउनुभयो । डिभिजनल बन कार्यालय स्याङजाले पञ्चमुलको थाप्ले क्षेत्रमा १० हेक्टर नीजि जग्गामा करिब १५ हजार १५ हजार टिम्मुरका विरुवा रोपेको छ । कार्यालयका सहायक वन अधिकृत बसन्त केशब अधिकारीका अनुसार उक्त जग्गामा लगाईएको मध्ये ९५ प्रतिशत विरुवा राम्रो देखिएका छन्। उहाँले अबको तीन वर्षपछि ति विरुवाले उत्पादन दिने जानकारी गराउनुभयो । विज्ञहरुका अनुसार एक हेक्टर जमीनमा करिब २ देखि ४ हजार केजी टिम्मुर फल्दछ। नेपालमा यसको बजार मुल्य २ देखि ३ सय रुपैंया प्रतिकेजी रहेको छ। अन्तरक्रियाका क्रममा डिभिजनल वन कार्यालयका स्याङजाका प्रमुख तोयनाथ पौडेलले कार्यालयले जिल्लाका अन्य क्षेत्रमा टिमुर खेतीको लागि सम्भाव्यता अध्ययन गरिरहेको र कार्यालयले सम्पादन गरिरहेका कामहरुको बारेमा जानकारी गराउनुभएको थियो।

## पोखरा महानगरपालिका काँग्रेस सचेतक लामिछानेद्वारा राजिनामा

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ असोज**

पोखरा महानगरपालिका नेपाली काँग्रेस दलका नेता तथा सचेतक रामराज लामिछानेले सोमबार आफ्नो पदबाट राजिनामा दिनुभएको छ।

सचेतकको रुपमा भूमिका निर्वाह गर्दादेखि आजसम्म सहयोग गर्नुहुने सम्पूर्ण व्यक्ति, संघसंस्थालाई धन्यवाद व्यक्त गर्नुभएको छ।

आफूलाई सो भूमिका निर्वाह गर्न अवसर प्रदान गर्न सहयोग गर्ने नेपाली काँग्रेस कास्की, नेपाली काँग्रेस पोखरा महानगर समिति, पोखरा महानगरपालिकामा नेपाली काँग्रेसको तर्फबाट निर्वाचित वडा अध्यक्ष,वडा सदस्य लगायत महानगरवासीप्रति आभार व्यक्त गर्नुभएको छ।

उहाँले आजको दिनसम्म दलको नेता तथा सचेतकको हैसियतबाट गरिएको काम कारवाही पार्टीको निती निर्देशन अनुरुप भएको स्पष्ट पार्नुभएको छ।






## अध्यादेश खारेज

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ असोज**

राष्ट्रपति विद्यादेवी भण्डारीले 'राजनीतिक दलसम्बन्धी (दोस्रो संशोधन) अध्यादेश, २०७८' खारेज गर्नुभएको छ।

मन्त्रिपरिषद्को आजको बैठकले सो अध्यादेश खारेज गर्ने निर्णय गरेको थियो। मन्त्रिपरिषद्को निर्णय र प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा नेपालको संविधानको धारा, ११४ को उपधारा, २ को खण्ड (ख) बमोजिम राष्ट्रपतिले सो अध्यादेश खारेज गर्नुभएको राष्ट्रपति कार्यालयले जनाएको छ।

## एक हजार २८२ मा संक्रमण पुष्टि, ७ को मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ असोज**

देशभर पछिल्लो २४ घण्टामा थप एक हजार २८२ जनामा कोभिड-१९ को सङ्क्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो समय १५ हजार ४८८ को परीक्षण गर्दा उक्त सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो। योसँगै नेपालमा पीसीआर विधिबाट गरिएको परीक्षणमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या सात लाख ९२ हजार ३६७ पुगेको छ । एन्टिजेन परीक्षण गर्नेको सङ्ख्या ९० हजार ८५४ रहेको छ । पछिल्लो समय थप एक हजार २६२ जना सङ्क्रमणमुक्त भएका छन्। योसँगै सङ्क्रमणमुक्त हुनेको सङ्ख्या सात लाख ६२ हजार ४१६ पुगेको छ। सङ्क्रमणमुक्त हुने दर ९६ दशमलव २ प्रतिशत रहेको पनि मन्त्रालयले जनाएको छ । हाल नेपालमा १७ हजार ५३५ होम आइसोलेशन र एक हजार ३१३ जना संस्थागत आइसोलेशन रहेका छन् । त्यसैगरी ३८५ आईसीयू र १२५ जना भेन्टिलेटरमा उपचाररत छन्। देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या १८ हजार ८४८ जना रहेको छ । हाल क्वारेन्टिनमा रहनेको सङ्ख्या २५६ रहेको छ।

हालसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार १०३ पुगेको छ भने पछिल्लो २४ घण्टामा थप सात जनाले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ । यस रोगबाट हुने मृत्यु दर १.४ प्रतिशत रहेको छ। त्यसैगरी पछिल्लो समय तीन लाख १२ हजार ८७४ ले खोप लगाएको पनि मन्त्रालयले जानकारी दिएको छ।

# एक वर्षभित्र पुम्दी भुम्दीमा आधारभूत खानेपानी व्यवस्थापन गर्ने मन्त्री बरालको दाबी

पोखरापत्र संवाददाता
पोखरा, ११ असोज

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले पोखरा महानगरपालिका वडा नम्बर २२ (पुम्दी–भुम्दी) मा आगामी एक बर्ष भित्र आधारभूत खानेपानी व्यबस्थापन गर्ने बताउनु भएको छ।



पोखरा २२ को पुम्दी भुम्दी खानेपानी तथा सरसफाई योजनाको १० औं बार्षिक साभारण सभा तथा चौथो अधिवेशनको सोमबार उद्घाटन गर्दै मन्त्री बरालले आगामी बर्ष भित्र पुम्दी भुम्दीमा आधारभूत खानेपानीको व्यबस्थापन गर्ने बताउनु भएको हो। उहाँले भन्नु भयो"पिउनको लागि सुद्ध पानी हामीले आवश्यकता प्राप्त गर्न जरुरी छ, प्रदेश सरकारले ५ बर्ष भित्र एक घर एक धारा अभियान समेत संचालन गरेको हुदाँ, अबको डेढ बर्षमा प्रदेशका जनतामा आधारभूत खानेपानीको पहुच पुऱ्याउने लक्ष्यमा रहेका छौं।" आधारभूत खानेपानीका योजनाहरु समयमै सम्पन्न गर्न प्रदेश सरकारले आवश्यक बजेट विनियोजन गर्ने मन्त्री बरालको भनाई छ। आधारभूत खानेपानी आयोजनाको लागि पहिला सम्पन्न भएका योजनाहरुको भुक्तानी गर्न ढिलाई भएमा आफुले समेत पहल गर्ने मन्त्री बरालले बताउनु भयो। विश्व पर्यटन दिवसको अवसरमा प्रदेश सरकारले ११ देशका राजदुतलाई पोखरामा निम्तो दिई प्रदेशको राजधानि पोखरा क्षेत्रमा पर्यटकीय गतिविधि संचालनको लागि खुल्ला भएको सन्देस समेत दिएको उहाँले बताउनु भयो। पुम्दी भुम्दीको विश्व शान्ति स्तुपः देखि पुम्दीकोट, कालाभाङ, नियालेडाँडा हुदै थाप्ले डाँडासम्मको क्षेत्रमा पर्यटकीय गन्तव्यहरु भएकोले त्यसबाट पुम्दी भुम्दीबासीले फाइदा लिनसक्नु पर्ने मन्त्री बरालको भनाई थियो। खानेपानीको साथमा सडक निर्माणमा समेत आफ्नो ध्यान केन्द्रित भएको उहाँले बताउनु भयो। पुम्दी भुम्दीमा शैक्षिक विकासको लागि बृहत बहस आवश्यक भएको बताउदै मन्त्री बरालले अब गुणस्तरिय र प्रविधि मैत्रि शिक्षा आवश्यक भएकोमा जोड दिनुभयो।

पोखरा २२ का वडा अध्यक्ष मित्रलाल बरालले पुम्दी भुम्दीको एक मात्र बिबाद रहित संस्था खानेपानीको परियोजना रहेको उल्लेख गर्नु भयो। पुम्दी भुम्दी पर्यटकीय केन्द्र भएकोले उहाँ पर्यटनबाट आर्थिक लाभ लिन सकिने उहाँले बताउनु भयो। पुम्दीकोट कोट विकास समितिका अध्यक्ष चन्द्रकान्त बरालले बिशाल महादेवको मुर्तिको औपचारिक रुपमा मंसिरमा उद्घाटन गरिने तयारी गरिएको बताउनु भयो।

खानेपानी योजनाका अध्यक्ष राजबहादुर गुरुङको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा कागेंस नेता प्रकाश बराल, होम प्रसाद बराल, परियोजनाका पूर्व सचिव रामप्रसाद पौडेल, छारेनिमे खानेपानी आयोजनाका याम बहादुर गुरुङ, परियोजनाका सचिव नवराज बराल, सहकारी अभियान्ता कमला बराल लगायतले पानीको बारेमा चर्चा गर्नु भएको थियो। पुम्दी भुम्दीमा हालसम्म करिब १७ सय घर धुरीमा एक घर एक धारा जडान भएको बाँकी ५ सय घर धुरीमा एक घर एक धारा पुराउनु पर्ने काम बाँकी रहेको सचिव बरालले जनाए। परियोजनाले गत बर्ष मात्र करिब ३ सय ६० घर धुरीमा एक घर एक धारा जडान गरेको परियोजनाको दाबी छ।

# मुख्यमन्त्री–युएनडिपी आवासीय प्रतिनिधि भेट

पोखरापत्र संवाददाता
पोखरा, ११ असोज

संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडिपी) ले गण्डकी प्रदेशको गरिबी निवारणमा सहयोग गर्ने प्रतिबद्धता जनाएको छ। गण्डकीका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलसँग सोमबार भएको भेटमा संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडिपी) का नेपालस्थित आवासीय प्रतिनिधि आसायनी मेडागंगोडा लाबेले उक्त प्रतिबद्धता जनाएकी हुन्।



गण्डकी प्रदेशका २ लाख नागरिक गरिबीको रेखामुनि रहेको र सन् २०३० सम्म त्यो रेखाबाट माथि उकास्न युनिडिपीले सघाउने आवासीय प्रतिनिधि आसायनीले बताएकी हुन्। उनले भनिन्, '२ लाख नागरिक गरिब रहेको तथ्यांक छ, उनीहरुलाई दैनिक कम्तीमा २ सय रुपैयाँ आम्दानी गर्ने बनाउनुपर्ने छ, यसका लागि हामी सहयोग गर्छौं।' मानव विकास सूचकांकमा गण्डकीको अवस्था राम्रो भएको भन्दै उनले यहाँका असल अभ्यासलाई लुम्बिनी र कर्णालीमा लागु गर्नुपर्ने भनाइ राखिन्। मुख्यमन्त्री पोखरेलले युएनडिपीले गण्डकीमा भौतिक उपस्थिति नै जनाएर काम गर्दा अझ सहज हुने बताए। उनले भने, ' गण्डकी प्रदेशमा सम्भव भए रिजनल अफिस नभए फिल्ड अफिस स्थापना हुनेछ भन्नेमा म विश्वस्त छु। आवश्यक निर्णयका लागि डिआरआरसँग अनुरोध गर्दछु।' मुख्यमन्त्री पोखरेलले युनएनडिपीले गण्डकी प्रदेशको पर्यटन क्षेत्रको विकासका लागि जुन परियोजनामा सहकार्य गर्न इच्छा देखाएकोमा त्यसलाई छिट्टै पूर्णता दिने विश्वास दिलाए। उनले भने, 'नव प्रवर्तनका क्षेत्रमा, साना तथा मझौला उद्योगको विकासमा, कृषिको आधुनिकीकरण गर्नमा युएनडिपीले सहयोग गरिदियोस् भन्ने हाम्रो चाहाना छ।'

मुख्यमन्त्री पोखरेलले उद्यमशीलता प्रवर्द्धन, कृषिको बजारीकरण, डिजिटल प्रविधिको प्रयोगमा युएनडिपीले भविष्यमा महत्वपूर्ण सहयोग गर्नेछ भन्ने विश्वास व्यक्त गरे। युएनडिपीको सहयोगमा वालिङ नगरपालिकामा सञ्चालित उद्यम विकास लगायतका कार्यक्रम प्रभावकारी भएकाले त्यस्ता असल अभ्यासलाई सबै पालिकामा लैजाने सन्दर्भमा प्रदेश सरकार यहाँहरुसँग सहकार्य गर्न इच्छुक रहेको मुख्यमन्त्री पोखरेलको भनाइ थियो। दीगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयन र स्थानीयकरणमा युएनडिपीको सहयोग बढाउन आवश्यक देखेको भन्दै उनले यसमा सहयोग प्राप्त हुने अपेक्षा मुख्यमन्त्रीले व्यक्त गरे। दीगो विकास लक्ष्यको स्थानीयकरण, एकीकृत तथ्यांक विकास तथा अनुगमन प्रणाली तयार पार्न र अत्यावश्यक क्षेत्रमा स्थानीय तहलाई सहयोग गर्न साझेदारहरुको समन्वय युएनडिपीले गरिदेओस् भन्ने चाहना रहेको उनले बताए। आवासीय प्रतिनिधि आसायनी मेडागंगोडा लाबेलेगण्डकी प्रदेशले लगानी सम्मेलन गर्न लागेकामा खुसी व्यक्त गर्दै यसका लागि पनि आफूहरु सघाउन तयार रहेको भनाइ राखिन्। नेपाल आउनु अघि मोरक्कोमा रहेर काम गरेकी आसायनीले नर्थ अफ्रिकाका मुलकबाट समेत नेपालले सिक्नुपर्ने बताइन्।

मोरक्को, इजिप्ट र अल्जेरियाका असल अभ्यासलाई अनुसरण गर्दै दीगो विकासका लक्ष्य प्राप्तिमा नेपाल र प्रदेश सरकार अगाडि बढ्न उनले सुझाव समेत दिइन्। पर्यटन प्रबर्द्धन, नवप्रवर्तन, फोहोर व्यवस्थापन, संसद सहयोग कार्यक्रम, निर्वाचन सहायता परियोजनामा युनिडिपीले सघाउँदै आएको छ। नेपाल पर्यटन बोर्डसँगको सहकार्यमा पर्यटन प्रवर्द्धनमा सहयोग गरेको भन्दै संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडिपी) आवासीय प्रतिनिधि आसायनीले पर्यटन क्षेत्रमा थप ५ हजार रोजगारी सिर्जना गर्ने, पोर्टर र गाइडलाई कम्तीमा ६५ सय घन्टा काम दिलाउन लक्ष्य रहेको सुनाइन्।

मुख्यमन्त्रीसँगको कार्यक्रममा गण्डकीका प्रमुख सचिव डा. दामोदर रेग्मी, योजना आयोगका उपाध्यक्ष डा. काफ्ले, युएनडिपीको रिजनल अफिस बुटवलका प्रमुख सुदीप अर्याल सहभागी थिए।

# एमाले विधान महाधिवेशनको तयारी पूरा

पोखरापत्र संवाददाता
पोखरा, ११ असोज

नेकपा (एमाले)को विधान महाविधेशनको व्यवस्थापन पूरा गरिएको छ। यही असोज १५ देखि १७ गतेसम्म गोदावरीस्थित सनराइजसम्मेलनमागर्नलागिएको महाविधेशनको व्यवस्थापनको तयारी पूरा गरिएको हो। सोमबार मञ्च व्यवस्थापन समितिका संयोजक विनोद श्रेष्ठ र केन्द्रीय सदस्य तथा महाधिवेशन प्रचारप्रसार समिति संयोजक खिमलाल भट्टराईले महाधिवेशनस्थल पुगेर तयारीबारे जानकारी लिनुभएको थियो।

महाधिवेशनसभास्थलको तयारी पूरा गरिएको मञ्च व्यवस्थापन समितिका संयोजक श्रेष्ठले जानकारी दिनुभयो। उहाँले महाधिवेशनमा सहभागी हुने करिब पाँच हजार जनालाई सभाहलमा अट्ने गरी व्यवस्थापन गरिएको बताउनुभयो। "सभामा दुई हजार ८४० कुर्ची भए पनि दायाँबायाँका खाली कोठामा थप एक हजारका दरले कुर्ची राखेर हामी व्यवस्थापन गर्छौं", उहाँले भन्नुभयो, "त्यहाँ पनि नअट्ने माथि बार्दलीमा स्क्रिन राखेर भए पनि प्रतिनिधिलाई अटाउने व्यवस्था गर्दछौं।"

# पोउवा संघद्धारा लेउवा संघको नवनिवार्चित टिमलाई बधाई

पोखरापत्र संवाददाता
पोखरा, ११ असोज

पोखरा उद्योग वाणिज्य संघले लेखनाथ उद्योग वाणिज्य संघको नवनिवार्चित अध्यक्ष छत्रधर आत्रेयसहित पदाधिकारी एवं कार्यसमितिलाई बधाई एवं कार्यकाल सफलताको कामना गरेको छ।



छिमेकी उद्योग वाणिज्य संघको नवनिर्वाचित टिमलाई बधाई दिने उपक्रममा बोल्दै नेपाल उद्योग वाणिज्य महासंघ गण्डकीका अध्यक्ष संजिवबहादुर कोइरालाले साझा एजेण्डा बनाउँदै दुबै उद्योग वाणिज्य संघ निजी क्षेत्रको अधिकारको लागि सशक्त रुपले अगाडि बढ्नुपर्नेमा जोड दिए। उनले व्यवसायीहरुलाई मर्का पर्दा संघहरुले उनीहको संरक्षण गर्नुपर्ने धारणा पनि राखे।

नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य तथा लेखनाथ उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष बाबुराम गिरिले पोखराको आर्थिक र भौतिक विकासकोलागिदुबैउद्योगवाणिज्य संघहरुले पहल गर्नुपर्ने बताए। उनले महासंघबाट आउने कार्यक्रममा सहकार्य गर्न पनि दुबै संघलाई सुझाए। लेखनाथ उद्योग वाणिज्य संघका संस्थापक अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य संघका पूर्वकेन्द्रीय सदस्य चन्द्रकृष्ण कर्माचार्यले २०५४ साल असार २० गते लेखनाथ उद्योग वाणिज्य संघ स्थापनाको स्मरण गर्दै व्यवसायीकै हितको लागि संघ गठन भएको बताए। दुबै उद्योग वाणिज्य संघको सहकार्यले मात्र पोखराले समृद्धि प्राप्त गर्ने उनको धारणा थियो।

पोखरा उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष एवं सल्लाहकार दीपक श्रेष्ठले दुबै उद्योग वाणिज्य संघले व्यवसायीलाई हित हुने अभियानमा सहकार्य गर्नुपर्ने बताए। उनले निजी क्षेत्रको एउटै आवाज नभए कमजोर भइन्छ भन्ने मनन गर्न पनि सुझाए। कार्यक्रम तथा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष नारायण कोइरालाले लेखनाथको नयाँ नेतृत्वलाई बधाई ज्ञापन गर्दै निजी क्षेत्रको एजेण्डालाई स्थापित गर्न सहकार्य हुनैपर्नेमा जोड दिए।

लेखनाथ उद्योग वाणिज्य संघका नवनिर्वाचित अध्यक्ष छत्रधर आत्रेयले पोखरा उद्योग वाणिज्य संघले देखाएको सद्भावप्रति कृतज्ञता ज्ञापन गर्दै सहकार्यको अटुट परम्परालाई अझ उचाइमा पुऱ्याउने प्रतिवद्धता व्यक्त गरे। पोखरा उद्योग वाणिज्य संघका महासचिव सुरेन्द्रमान विजुक्छेद्धारा संचालित कार्यक्रममा धन्यवाद ज्ञापन गर्दै संघका वरिष्ठ उपाध्यक्ष पवनकुमार प्रजापतिले संघहरुको आर्थिक अवस्था सुदृढ बनाउन र सदस्यहरुको हितमा काम गर्न सहकार्य जरुरी रहेको बताए। सो अवसरमा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष नारायण कोइरालाले हालै नेपाली कांग्रेस पोखरा नगर समितिमा निर्वाचित भएका संघकै महासचिव सुरेन्द्रमान विजुक्छेलाई पनि बधाई ज्ञापन गरे।

# नागरिकले...

स्थानीय तहलाई सहयोग गर्दै आएको बताए। प्रमुख सचिव डा. दामोदर रेग्मीले समग्र सेवा प्रवाहको जिम्मा स्थानीय तहमा रहेको भन्दै स्थानीय तहको प्रभावकारिता बढाउन सके मात्र संघीयता सबल हुने भनाइ राखे। स्थानीय तह सबल भए कि भएनन् भन्ने मापन गर्न संस्थागत क्षमता स्वमूल्यांकन पद्धति बनाइएको उनले बताए।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव वसन्त अधिकारीले स्थानीइ तहले स्वमूल्यांकनका लागि काम गर्दा के समस्या आइलागे, सूचक मूल्यांकनमा केही समस्या पो आइपऱ्यो कि भनेर छलफल आयोजना गरिएको भनाइ राखे। यसलाई असल अभ्यास संज्ञा दिँदै उनले अहिले स्थानीय तहले गरेका राम्रा सुरुआत र मापदण्डलाई संस्थागत स्मृतिका रुपमा छाडेर जानका लागि पनि यो मूल्यांकन पद्धतिको महत्व रहेको बताए। ३७ पालिकाबाट नमुनाका रुपमा सुरु भएको कार्यक्रम अहिले सबै पालिकामा लागु भएको छ। अहिले ५ सय २३ पालिकाले सूचकको परिणाम साइटमा राखिसकेका छन्। सबै प्रदेशमा समीक्षा सकेपछि मौजुदा कार्यविधिमा परिमार्जन गरेर अगाडि बढ्ने अधिकारीको भनाइ थियो। उनका अनुसार गण्डकीमा १४ वटा स्थानीय तहले स्वमूल्यांकनको नजिता तयार गरेकै छैन। उनले भने, 'यसलाई मन्त्रालयले गम्भीरतापूर्वक हेरेको छ। प्रमुख प्रशासकीय अधिकृतको कार्यक्षमता मूल्यांकनसँग यसलाई जोड्ने हो कि भन्ने पनि लागेको छ।' मन्त्रालयका अर्का सहसचिव डा. गोपिकृष्ण खनालले यो कार्यक्रम संघीयताको घोषणा पत्र भएको बताए। उनले भने, 'यसलाई पूर्णरुपमा कार्यान्वयन गर्न सके संघीयता आफैमा सुदृढ भएर जान्छ।' गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेले स्थापनाको डेढ वर्षमा आफूहरुले स्मरणयोग्य काम गरेको दाबी गर्दै प्रतिष्ठानले तयार पारेको तालिमको कोर्स अहिले अरु प्रदेशमा समेत लागु भएकामा खुसी व्यक्त गरे। कार्यक्रममा मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका उपसचिव मुक्ति भण्डारीले स्वागत गरेका थिए।


**खोप लगाऊ सुरक्षित रहौं**

**खोप लगाएपछि पनि,**

- मास्कको नियमित प्रयोग गरौं।
- अत्यावश्यक परेमात्र बाहिर निस्कौं।
- भीडभाडबाट बचौं।
- कसैलाई भेट्नैपर्दा दुई मिटरको दुरी कायम गरौं,
- साबुनपानीले हात धोऔं,
- साबुनपानी उपलब्ध नभए स्यानीटाइजरको प्रयोग गरौं,
- शंका लागे तुरुन्त स्वास्थ्य परीक्षण गराऔं।


नेपाल सरकार
विज्ञापन बोर्ड

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग**: छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । — गौतम बुद्ध

## सम्पादकीय

# दल फुटाउने अध्यादेश खारेज

नेपाल कम्युनिस्ट पार्टी (एमाले)विभाजन गर्न ल्याइएको राजनीतिक दलसम्बन्धी अध्यादेश खारेज भएको छ। संसद अधिवेशन अन्त्य गरेको भोलिपल्ट दल विभाजनका लागि खुकुलो अध्यादेश जारी गरिएको थियो। एमाले र जनता समाजवादी पार्टी (जसपा) विभाजनपछि सरकारले अध्यादेश खारेज गरेको छ। सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले निर्णय गरि प्रधानमन्त्री शेर बहादुर देउवाले सिफारिस गरेको अध्यादेश राष्ट्रपति विद्या देवी भण्डारीले खारेज गरेकी छन।

प्रधानमन्त्रीको सिफारिसमा नेपालको संविधानको धारा ११४ को उपधारा (२) को खण्ड (ख) बमोजिम राजनीतिक दलसम्बन्धी (दोस्रो संशोधन) अध्यादेश, २०७८ खारेज भएको छ, राष्ट्रपतिको कार्यालयका प्रवक्ता जगन्नाथ पन्तले सोमबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ। अध्यादेश खारेजसंगै विभाजित भएका दल पनि खारेज हुने केही कानुन ब्यवसायिको मत छ। यसबारे सर्वोच्चले के निर्णय गर्छ कुर्नुपर्नेछ।सर्वोच्च अदालतले संविधान र कानुन अनुसार फैसला नगरी न्यायाधीशको विवेकले हुने हुँदा कसैले अनुमान लगाउन सकिने अवस्था छैन। अध्यादेशमा दल विभाजनसम्बन्धी खुकुलो प्रावधान छ। जसका कारण सत्ता गठबन्धनमा आबद्ध दल नै फुट्न सक्ने भयले मन्त्रिपरिषद् विस्तार गरिएको थिएन। अब मन्त्रिपरिषद् विस्तारका लागि बाटो खुलेको छ।मन्त्री बनाउने गरि सांसदलाई विभाजनमा सरिक गराइएको हो।मन्त्री नपाउदा फेरि दल विभाजन हुने डरले अध्यादेश खारेज गर्न दवाव परेको हो । सत्ता गठबन्धनका नेताहरूले उक्त अध्यादेश खारेजपछि मात्रै मन्त्रिपरिषद् विस्तार गर्नुपर्ने बताउँदै आएका थिए। नेताहरूले आफ्नो पार्टीबाट सरकारमा सहभागी हुने व्यक्तिका नामसमेत प्रधानमन्त्री शेरबहादुर देउवालाई दिएका थिएनन्।

देउवा नेतृत्वकै वर्तमान सरकारले उक्त अध्यादेश ल्याएको थियो। अध्यादेशसँगै नेकपा (एमाले)बाट टुक्रिएर नेकपा (एकीकृत समाजवादी) र जनता समाजवादी पार्टी (जसपा)बाट छुट्टिएर लोकतान्त्रिक समाजवादी पार्टी बनेका छन्। ती दुई पार्टी फुटाउनकै लागि ल्याइएको अध्यादेशले सबै पार्टीमा समस्या निम्तिन सक्ने भन्दै जतिसक्दो छिटो खारेज गर्नुपर्नेमा सत्ता गठबन्धनका नेताहरूले जोड दिएका थिए। देशको ठूलो दललाई फुटाएर देउवाले सरकार टिकाउने योजना पुरा भएपछि फिर्ता गरेर पानी माथिको ओभानो बन्न खोजेका छन।

# विदेशी कूटनीतिज्ञ भन्छन् : पोखराको सौन्दर्य लोभलाग्दो

– वासुदेव पौडेल/जमुना वर्षा शर्मा
पोखरा, १० असोज (रासस)

विश्व पर्यटन दिवसको दिन सोमबार बिहानै पोखराको मौसम खुलेको थियो । लामो समय कोरोना कहरले थलिएको यहाँको पर्यटनलाई टेवा पुगोस् भन्ने हेतुले पर्यटन बजारमा सकारात्मक सन्देश प्रवाह गर्न गण्डकी प्रदेश सरकारको निमन्त्रणामा आइतबार नै नेपालका लागि विभिन्न ११ देशका राजदूतसहित विशिष्ट कूटनीतिज्ञ पोखरा आइसक्नुभएको थियो।

आइतबार पोखरा विमानस्थलमा गरिएको स्वागतसँगै साँझ गण्डकी प्रदेश सरकारद्वारा आयोजित रात्रिभोजमा सरिक विशिष्ट पाहुनाका लागि विश्व पर्यटन दिवसका अवसरमा सोमबार प्रकृति र संस्कृतिका विभिन्न पक्षहरू दृश्यावलोकन गराउन अन्नपूर्ण गाउँपालिकाको नागडाँडादेखि कास्कीकोटसम्मका लागि करिब तीन घण्टा दूरीको हाइकिङ आयोजना गरिएको थियो। खुलेको मौसमका कारण बिहानै टलक्क टल्किएका माछापुच्छ्रेसहितका हिमाल भने कुटनीतिज्ञहरू ९:०० बजे नागडाँडामा पुग्दा बादलसँग लुकामारी गर्न थालिसकेका थिए। कतै बादलले छेकेको त कतै देखिएका हिमाली दृश्यले त्यहाँ पुग्ने जो कोही मक्ख देखिन्थे।

कुटनीतिज्ञको टोलीमा सहभागी नेपालस्थित युनेस्कोका प्रतिनिधि माइकल क्रफ्टका लागि यो पोखराको पहिलो भ्रमण थियो। पोखराको बारेमा सुने पनि उहाँलाई आउने अवसर भने मिलेको थिएन । विश्व पर्यटन दिवसका अवसरमा हाइकिङमा सहभागी बन्दै माइकल कास्कीकोटबाट बादलभित्रबाट लुकामारी गरिरहेका हिमशृङ्खलालाई कैद गर्न व्यस्त देखिनुहुन्थ्यो । पोखराको बारेमा सुने पनि आउने अवसर बल्ल मिलेको भन्दै खुसी देखिएका उहाँले भन्नुभयो, 'म प्राकृतिक सम्पदासँगै संस्कृतिमा रमाउन मन पराउँछु, नेपालमा यो सबै छ, अझ पोखराको प्राकृतिक सौन्दर्य त निकै लोभलाग्दो रहेछ।' माइकलले यहाँबाट फर्किएपछि आफ्ना दुई सन्तान र श्रीमतीलाई लिएर छिट्टै पोखरा आउने वाचा गर्नुभयो । 'मलाई निकै सुन्दर लाग्यो, परिवारसहित छिट्टै आउँछु, कोभिड १९ ले धेरैलाई घुम्न डुल्नबाट वञ्चित गरायो, अब सावधानी अपनाएर घुमघाम गर्नुपर्छ', उहाँले भन्नुभयो । सम्बन्धित क्षेत्रले दीगो पर्यटनको विकासका लागि जोड दिन आवश्यक रहेको औँल्याउँदै उहाँले कोभिडका कारणले चुनौतीका साथै अवसर पनि थपेको उल्लेख गर्नुभयो।

नेपालका लागि फिनल्याण्डका राजदूत पर्टी एन्टीनेनले बिहान उठ्ने बित्तिकै माछापुच्छ्रेको हिमशृङ्खलाले आफूलाई निकै लोभ्याएको बताउनुभयो । उहाँले नाम जस्तै पोखरा निकै सुन्दर रहेको प्रतिक्रिया दिनुभयो। तीन वर्षअघि सेप्टेम्बरमा पोखरा आएको अनुभव सुनाउँदै उहाँले जति आए पनि पोखरा आइरहन मन लाग्ने शहर भएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, 'नेपालको अरु ठाउँभन्दा पोखरा विशेष लाग्छ, तिहारपछि फेरि पोखरा आउने योजना छ, म अन्नपूर्ण रेञ्जको पदमार्गमा जानेछु।'

उहाँले पोखरा पर्यटकीय गन्तव्य भएको जनाउँदै बिहान उठ्नासाथ हिमाल माथिमाथि बादलहरू उडिरहेको दृश्य हेर्न, लेकसाइड घुम्न र बारहरू जान पनि आफूलाई मन पर्ने अनुभव सुनाउनुभयो । 'नेपाल र यहाँको सन्दर्भमा पर्यटन महत्वपूर्ण छ, यसलाई अझै विकास गर्न जरुरी छ', उहाँले भन्नुभयो, 'कोरोना हराइसकेको छैन तसर्थ अझै सावधानी अपनाउन जरुरी छ, कोरोनाको महामारीमा नेपाललाई मेरो देशले पनि सहयोग गरेको छ।'

(सार्क) का महासचिव इसाला रुवान विराकुनले आफ्नो देश श्रीलङ्काका कूटनीतिक नियोगका पदाधिकारीसहितको यो भ्रमण निकै फलदायी लागेको बताउनुभयो। 'पोखरा मलाई निकै मन पर्ने ठाउँ हो, परराष्ट्र मन्त्रालय र नेपाल पर्यटन बोर्डले यो अवसर हामीलाई जुराइदिएकामा आभारी छौँ', उहाँले भन्नुभयो।

श्रीलङ्का र नेपालका धेरै सांस्कृतिक एवं धार्मिक कुरा मिल्ने जनाउँदै उहाँले कोभिड-१९ ले दक्षिण एशियाली देशहरुको अर्थतन्त्रमा निकै प्रभाव पार्नुका साथै पर्यटन क्षेत्र झनै प्रभावित भएको बताउनुभयो । श्रीलङ्काका नागरिकले पनि नेपाल मन पराउने र बुद्धको देश भनेर चिन्ने गरेको उल्लेख गर्दै उहाँले आफू पनि बुद्ध धर्मावलम्बी भएको बताउनुभयो । नेपालमा सांस्कृतिक र धार्मिक पर्यटकलाई जोडेर पर्यटन विकास गर्न सकिने बताउँदै विराकुनले यही अक्टोबरबाट प्रत्येक मङ्गलबार र शनिबार काठमाडौँ-कोलम्बो उडान हुने जानकारी दिनुभयो।

विदेशी राजदूतसहितका विशिष्ट कूटनीतिज्ञको पोखराको भ्रमण यहाँको पर्यटकीय विकासका लागि महत्वपूर्ण हुने गण्डकी प्रदेशका पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव ज्ञानेन्द्र पौडेलले बताउनुभयो। कोरोनाले प्रभावित पर्यटनलाई पुरानै लयमा फर्काउन यो भ्रमण फलदायी हुने विश्वास लिइएको उहाँको भनाइ छ।

यस भ्रमणले पोखरा घुम्नका लागि खुल्ला तथा सुरक्षित छ भन्ने सन्देश प्रवाह गर्ने पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराई बताउनुहुन्छ । विश्व पर्यटन दिवसका अवसरमा गरिएको यो कार्यक्रमले विश्व पर्यटन बजारमा महत्वपूर्ण प्रभाव पार्ने बताउँदै उहाँले यसले सम्पूर्ण पोखरेली पर्यटन व्यवसायीलाई उत्साही बनाएको बताउनुभयो।

कोरोना कहरले थलिएको पर्यटनलाई अघि बढाउनु अहिलेको आवश्यकता भएको भन्दै नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय पोखराका प्रमुख काशीराज भण्डारीले यो उच्चस्तरीय भ्रमण यहाँका लागि महत्वपूर्ण अवसर भएको बताउनुभयो । विदेशी कूटनीतिज्ञको भ्रमणले पोखराको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण टेवा पुग्ने उहाँको भनाइ छ।

# शर्मालाई ५० लाख धरौटी माग गर्ने

पोखरापत्र संवाददाता
पोखरा, ११ असोज


विशेष अदालतले कर फर्छ्योट आयोगमा रहँदा भ्रष्टाचार गरेको आरोप लागेका आन्तरिक राजस्व विभागका तत्कालीन महानिर्देशक चूडामणि शर्मासँग रु ५० लाख धरौटी माग गर्ने आदेश गरेको छ।

न्यायाधीशद्वय अब्दुल अजिज मुसलमान र नित्यानन्द पाण्डेयको इजलासले आज थुनछेक बहसपछि उक्त धरौटी माग गर्ने आदेश गरेको हो । कर फर्छ्योट आयोगमा रहँदा भ्रष्टाचारको आरोप लागेका शर्मालाई आज अदालतमा हाजिर गराएर थुनछेक बहसपछि उक्त धरौटी माग गरिएको हो। आदेशमा भनिएको छ, "प्रतिवादीउपर लिइएको आरोपदावी एवं यस अदालतबाट मिति २०७४/८/५ मा भएको थुनछेक आदेशका साथै प्रतिवादीउपर दायर भएको प्रस्तुत पुरक आरोपत्रबाट सृजना हुनसक्ने थप दायित्व समेतलाई विचार गरी पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई विशेष अदालत ऐन, २०५९ को दफा ७ को खण्ड (घ) बमोजिम प्रतिवादी चूडामणि शर्मा ढकालबाट रु ५० लाख धरौट माग गरिएको छ।"

आदेशमा प्रतिवादीले कर फर्छ्योट आयोगमा रही कार्य गर्दा विभिन्न करदाताको कर मिनाहा गरेको भन्ने मिसिल संलग्न प्रमाणबाट अहिले नै निर्दोष हुन् भन्न सकिने स्थिति नदेखिएको उल्लेख छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तीन जना विरुद्ध रु एक अर्ब ३३ लाख बिगो दाबी गर्दै २०७८ असार ९ गते मुद्दा दर्ता गरेको थियो।

**आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।**
**इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥**

# भावपूर्ण श्रद्धाञ्जली



**जन्मः**
**वि. स. १९७४/०९/०९ गते**

**स्वः मानध्वज थापा**

**स्वर्गारोहणः**
**वि.स. २०७८/०५/३१ गते**

हाम्रा प्रात स्मरणीय परम आदरणीय पिता/हजुरबाबा/जिजुहजुरबाबा **मानध्वज थापा** को स्याङ्जा फेदीखोला-२ वडाचौर आफ्नै निवासमा १०४ वर्षको उमेरमा असामयीक एवं अकल्पनीय स्वर्गारोहणले हामी मर्माहत एवं स्तब्ध भएका छौं। उहाँ ब्रह्मलीन हुनु भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद् घडिमा हामीप्रति श्रद्धाभाव राखि सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं।

**छोरा/बुहारीः**
धनसरी थापा
श्याम / खिमा थापा

**छोरी/ज्वाइँः**
गुप्त बहादुर कार्की
गंगादेवी / चन्द्रबहादुर जिसी
यदुमाया / विजय बहादुर जिसी

**नाति/नातिनीबुहारीः**
मैया थापा
इश्वर थापा
सुजनविक्रम/ मन्जु थापा
सुदिप/जिना थापा

**नातिनी/नातिनीज्वाइँः**
जुना/ उजुर के.सी.
रेखा/प्रकाश कार्की

**पनाति/पनातिनीबुहारीः**
सोमराज/करुणा थापा
नवराज थापा
सन्तोष /बविता के.सी.
सागर / इन्दिरा के.सी.
शोपनिल थापा
स्मारिका कार्की
स्मार्ट कार्की

**पनातिनी/ज्वाइँः**
लक्ष्मी / गिरबहादुर थापा
सम्झना/ भगवान ढकाल
सर्मिला/ सन्तोष खड्का
सम्झना/ किरण शाही

**खनाती/खनातिनीः**
अभिषेक थापा
अनिषा थापा
आकृति थापा
आयुष थापा
प्रनिषा ढकाल
प्रसुन ढकाल

**एवम् समस्त पराजुली थापा परिवार**

# मुख्यमन्त्री– दक्षिण कोरिया राजदूत भेट

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ असोज**

दक्षिण कोरियाले पोखराको यातायात व्यवस्थापनमा सहयोग गर्ने भएको छ। अन्तर्राष्ट्रिय पर्यटन दिवसको अवसरमा गण्डकी सरकारको निमन्त्रणामा पोखरा आएका नेपालका लागि दक्षिण कोरियाका राजदूत पार्क चोङ सुकले मुख्यमन्त्री कृष्णचन्द्र नेपालीपोखरेलसँग सोमबारको भेटको उक्त प्रतिबद्धता जनाएका हुन्।

पोखरा र आसपासको भौगोगिक अवस्थितिबाट आफू प्रभावित भएको भन्दै राजदूत पार्कले पोखरामा स्मार्ट यातायात सञ्चालन र व्यस्थापनमा चासो व्यक्त गरेका हुन्। '

भेटका अवसरमा मुख्यमन्त्री पोखरेलले हजारौ नेपाली युवाहरुको उत्कृष्ट गन्तव्यको रुपमा दक्षिण कोरिया रहेको भन्दै युवाहरुले आय आर्जन गर्ने र प्रविधि सिक्ने राम्रो अवसरको रुपमा दक्षिण कोरियाको रोजगारीलाई उपयोग गरेको बताए। उनले भने, 'नेपालमा प्रविधिको विकास तथा विस्तारमा दक्षिण कोरिया एक बलियो साझेदार हो, शिक्षा, स्वास्थ्य, ग्रामीण विकास, सुशासन, वातावरण परिवर्तन, उद्योग र ऊर्जा जस्ता क्षेत्रमा दक्षिण कोरिया सरकारको महत्वपूर्ण सहयोग छ।' दक्षिण कोरियाले अनुदान र प्राविधिक सहयोगमा विशेष चासो दिने गरेकोतथ्य मुख्यमन्त्री पोखरेलले स्मरण गरे। कोरिया इन्टरनेसनल कोअपरेसन एजेन्सी -कोइका) मार्फत् पुऱ्याएको योगदान पनि उत्तिकै महत्वपूर्ण रहेको उनको भनाइ थियो।

प्रदेश सरकार कोभिड महामारिले थला परेको आर्थिक क्षेत्रको पुनरुत्थान र शिक्षा, स्वास्थ्य र पोषण जस्ता सामाजिक क्षेत्रको पुर्नजीवनका लागि उच्च प्राथमिकताका साथ काम गरिरहेको मुख्यमन्त्रीले सुनाए। स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि, अस्पतालको स्तरोन्नति, आधुनिक उपकरणको प्रयोग तथा स्वास्थ्य सेवा विस्तारमा विशेष काम गर्नु परेको उनले बताए। मुख्यमन्त्री पोखरेलले भने, 'कोभिडको क्षति आँकलन र समस्यामा परेका क्षेत्रको पुनरुत्थानका लागि योजनाबद्धरुपमा अघि बढ्ने प्रयत्न हुँदैछ। ग्रामीण क्षेत्रको विकास र गरिबीको अन्त्य तथा रोजगारीको सिर्जनामा प्रदेश सरकारको विशेष चासो छ।' यस प्रदेशका उच्च प्रतिफल दिने, प्रतिस्पर्धात्मक क्षमता भएका उच्च मूल्यका कृषि, जडिबुटी आदिको उत्पादन, प्रशोधन, प्याकेजिङ र ब्रान्डिङ गरी विश्व बजारमा पुग्न सक्ने बनाउन थप काम गर्नु पर्ने मुख्यमन्त्रीले सुनाए। दीगो विकास लक्ष्य हासिल गर्नका लागि एकीकृत प्रादेशिक तथ्यांक तयार पार्ने, स्थानीय तहलाई सूचक तथा प्राथमिकता तय गर्न सघाउने, अनुगमनले कमजोर देखिएका क्षेत्रमा सुधारका लागि लगानी गर्नु पर्ने मुख्यमन्त्रीले बताए।

दक्षिण कोरियाका राजदूत पार्क चोङ सुकले कोरिया गण्डकी प्रदेशको व्यापार प्रवर्द्धनमा सघाउन तयार रहेको बताए। नेपालीका थप युवालाई रोजगारी दिने बारेमा पनि कोरिया सरकारले थप अभ्यास गरिरहेको उनले सुनाए। प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. रघुराज काफ्लेले गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको भवन निर्माणका लागि गण्डकी सरकाले सबै प्रक्रिया पूरा गरी राजदूतावासमा बुझाएको जानकारी गराए। यसबारेमा के भइरहेको छ बुझेर काम अगाडि बढाउने राजदूत पार्कले बताएका छन्।भेटमा उपाध्यक्ष डा. काफ्ले, प्रमुख सचिव डा. दामोदर रेग्मी सहभागी थिए।

# कांग्रेस पालिका अधिवेशन : नेतृत्वमा महिला शून्य

**पोखरापत्र संवाददाता**
**बागलुङ, ११ असोज**


आसन्न १४औं महाधिवेशनका लागि शनिबारदेखि सुरु भएको गाउँ तथा नगर अधिवेशनमा बागलुङका आठ स्थानीय तहमा नेतृत्व चयन भएको छ। चयन भएकामध्ये तीन नगरपालिका र पाँच गाउँपालिका छन्।

नेतृत्व चयन गर्न बाँकी एक गाउँपालिका र एक नगरपालिका छन्। हालसम्म निर्वाचन सम्पन्न भएका स्थानीय तहमा निर्वाचित भएको नेतृत्व हेर्दा महिलाको सहभागिता शून्य छ। आठ स्थानीय तहमा निर्वाचन सम्पन्न हुँदा कहीँ पनि महिला नेतृत्वमा नआएको निर्वाचन समितिले जनाएको छ। सर्वसम्मत नेतृत्व चयन भएका पालिकामा महिलाको नाम नै उच्चारण भएन भने निर्वाचन भएका पालिकामा पनि महिला प्रतिस्पर्धाका लागि तयार देखिएनन्। गलकोट नगरपालिकामा आइतबार साँझसम्म सर्वसम्मतको प्रयास भएका कारण निर्वाचन हुन सकेको छैन। आजसम्ममा मतदान प्रक्रियाबाट नेतृत्व टुङ्गो लगाइने निर्वाचन समितिले जनाएको छ। बरेङ गाउँपालिकामा पार्टीभित्रै सदस्यताका विषयमा विवाद हुँदा निर्वाचनका कार्यक्रम स्थगन भएको कांग्रेसका एक नेताले बताउनुभयो। बरेङमा निर्वाचन हुने वा सर्वसम्मत नेतृत्व चयन हुने टुङ्गो छैन। निर्वाचनबाट नेतृत्व चयन भएकामध्ये ढोरपाटन नगरपालिकामा धनबहादुर कायत निर्वाचित हुनुभएको छ। जैमिनी नगरपालिकामा प्रेमप्रसाद सापकोटा निर्वाचित हुनुभयो। ताराखोला गाउँपालिकामा कमलापति पाठक सर्वसम्मत निर्वाचित हुनुभएको थियो। निसीखोला गाउँपालिकामा सूर्यबहादुर घर्ती, तमानखोला गाउँपालिकामा लीलाबहादुर छन्त्याल र काठेखोला गाउँपालिकामा यामदत्त कँडेल सर्वसम्मत चयन हुनुभयो। बागलुङका १० स्थानीय तहमध्ये सबैको ध्यान केन्द्रित गरेको बागलुङ नगरपालिकाको निर्वाचनबाट युवा नेता उमाकान्त शर्मा निर्वाचित हुनुभयो। अर्को पक्षबाट उम्मेदवार बन्नुभएका कर्ण हमाललाई उहाँले ६२ मतान्तरले पराजित गर्नुभयो। खसेको ३८८ मतमध्ये शर्माले २२४ मत र हमालले १६२ मत प्राप्त गर्नुभयो। सभापति मात्रै होइन उपसभापति, सचिव र सहसचिव पदमा समेत महिलाको सहभागिता शून्य छ।

कोषध्यक्ष निर्वाचित पदाधिकारीको बैठकले मनोनयन गर्ने भएकाले महिला पदाधिकारीमा ल्याउने सम्भावना बाँकी रहेको एक नेताले बताउनुभयो। गत भदौ २१ गते भएको वडा अधिवेशनमा भने ८४ वडामा निर्विरोध नेतृत्व चयन भएको थियो। ढोरपाटन नगरपालिका-५ मा मात्रै सभापतिका लागि निर्वाचन गर्नुपरेको थियो।

**आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।**
**इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥**

# भावपूर्ण श्रद्धाञ्जली



**जन्मः**
**वि. स. १९७४/०९/०९ गते**

**स्वः मानध्वज थापा**

**स्वर्गारोहणः**
**वि.स. २०७८/०५/३१ गते**

हाम्रा प्रात स्मरणीय परम आदरणीय पिता/हजुरबाबा/जिजुहजुरबाबा **मानध्वज थापा** को स्याङ्जा फेदीखोला-२ वडाचौर आफ्नै निवासमा १०४ वर्षको उमेरमा असामयीक एवं अकल्पनीय स्वर्गारोहणले हामी मर्माहत एवं स्तब्ध भएका छौं। उहाँ ब्रह्मलीन हुनु भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद् घडिमा हामीप्रति श्रद्धाभाव राखि सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं।

**छोरी ज्वाइँः**
गंगा देवी जि.सि., चन्द्रबहादुर जि.सी.
**छोरी ज्वाइँः**
यदुमाया जि.सी., बिजय बहादुर जि.सी
**नाति तथा नातिनी बुहारीः**
ख्याम बहादुर क्षेत्री, पार्वती क्षेत्री
**नाति तथा नातिनी बुहारीः**
नरेश बहादुर जि.सी., कल्पना जि.सी.
**नाति तथा नातिनी बुहारीः**
टिका क्षेत्री, चन्दा क्षेत्री
**नातिनी तथा नातिनी ज्वाइँः**
शुनिता गोदार, महेश गोदार
**नाति तथा नातिनी बुहारीः**
दिलीप क्षेत्री, दिपा क्षेत्री
**नातिनी तथा नातिनी ज्वाइँः**
सरीता के.शी., सुशिल क्षेत्री
**नाति तथा नातिनी बुहारीः**
रोशन क्षेत्री, सुशिला क्षेत्री
**नातिनी तथा नातिनी ज्वाइँः**
ममिता घिमिरे, उपकार घिमिरे
**नातिनी तथा नातिनी ज्वाइँः**
शर्मिला के.सीं., सुशिल के.सी
**नाति तथा नातिनी बुहारीः**
कमल जि.सी., सरीता जि.सी.

**पनाति तथा पनातिनीहरूः**
सपना क्षेत्री, बिवेक क्षेत्री, रिसच क्षेत्री,
मुन मुन क्षेत्री, रोशिका छेत्री, आमिरा क्षेत्री,
आईस के.सी, राईज के.सी.
**पनाति तथा पनातिनीहरूः**
ईश्मित गोदार, आशुतोस के.सी.,आयान जि.सी.,
आभानी के.सी., सुयोग गोदार,अनुरोध जि.सी
**छोरी तथा ज्वाइँः**
स्व. जानुका कार्की, गुप्त बहादुर कार्की
**छोरी तथा ज्वाइँः**
स्व.देऊमाया (सेती) खड्का,
स्व. झपट बहादुर खड्का
**नाति तथा नातिनीबुहारीः**
उजुर बहादुर के.सी., जुना के.सी.
स्व. डिल बहादुर कार्की, तारा कार्की/
हिरा कार्की, रण बहादुर के.सी. गंगा कार्की,
हर्क बहादुर कार्की, निरमाया कार्की
**नाति तथा नातिनीबुहारीः**
झ्याम बहादुर खड्का, थम कुमारी खड्का,
चन्द्र बहादुर खड्का, तारा खड्का,
चन्द्रबहादुर खड्का(ख), देवु खड्का,
दलबहादुर खड्का, लक्ष्मी खड्का
राम बहादुर खड्का, कल्पना खड्का,

**नातिनी तथा नातिनी ज्वाइँः**
स्व. डालमया जि.सी., तिल बहादुर क्षेत्री
**नातिनी तथा नातिनी ज्वाइँः**
कमला पोखेल, प्रेम बहादुर पोखरेल,
मैया अधिकारी, हुम बहादुर अधिकारी
तारा, देउबहादुर
**पनाति तथा पनातिनीहरूः**
सन्तोष के.सी., कृष्ण के.सी.,सागर के.सी.,
आकाश के.सी., अजय के.सी., शर्मिला,
पुजा, पुर्णा, कोपिला, मिना, प्रतिक्षा,
गरिमा, प्रसिद्धी, मनोज जि.सी.,
चन्द्र जि.सी., मनिला जि.सी.
**पनाति तथा पनातिनीहरूः**
शंकर, संजित, अमृत, बिवेक, बिमल,
सुमित, सुबास, सुनिल, बिना, गंगा,
अमृता, सन्ध्या, आरति, सुनम,
सोफिया
**छोरा बुहारीः**
स्व.रुद्र बहादुर थापा, धनसरी थापा
**छोरा बुहारीः**
श्याम थापा, खिमा थापा
**नाति तथा नातिनी बुहारीः**
स्व. तुल बहादुर थापा, मैया थापा

**नाति तथा नातिनी बुहारीः**
इश्वर थापा,
सुजन बिक्रम थापा, मञ्जु थापा
**नातिनी तथा नातिनीज्वाइँः**
जुना थापा, उजुर बहादुर के.सी.
**नाति तथा नातिनीबुहारीः**
सुदिप थापा, जिना थापा
**पनातिनी तथा पनातिनीज्वाइँः**
लक्ष्मी थापा, गिर बहादुर थापा,
सम्झना थापा, भगवान ढकाल
**नातिनी तथा नातिनी ज्वाइँः**
रेखा थापा, प्रकाश कार्की
**पनातिनी तथा पनाति बुहारीः**
सोमराज थापा, करुणा थापा,
नवराज थापा,
**पनातिनीहरूः**
स्मारिका कार्की, स्मार कार्की,
स्वपनिल थापा
**खनातिनीहरूः**
अभिशेक थापा, अनिशा थापा,
आकृति थापा, आयुष थापा